# एन आई सी एशिया क्यापिटल लिमिटेड तथा एन आई सी एशिया बैंक लिमिटेडको शाखा कार्यालयहरुबाट हितग्राही खाता खोल्नुहुने सम्पूर्ण खाताधारकहरुलाई वार्षिक हितग्राही खाता संचालन शुल्क बुझाउने सम्बन्धी सूचना

यस एन आई सी एशिया क्यापिटल लिमिटेड र क्यापिटलका शाखा कार्यालयहरु तथा एन आई सी एशिया बैंक लिमिटेडको शाखा कार्यालयहरु मार्फत हितग्राही खाता खोल्नु भएका खातावालाहरुलाई धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ बमोजिम हितग्राही खाता संचालन/नविकरण वापत वार्षिक शुल्क रु.१००/- बुझाउनु पर्ने व्यवस्था बमोजिम उक्त वार्षिक शुल्क बुझाउन बाँकी भएका हितग्राहीहरुले यस कम्पनीमा आई बुझाउनु हुन वा एन आई सी एशिया बैंक लिमिटेडको आफ्नो पायक पर्ने नजिकको शाखा कार्यालयहरुमा सम्पर्क राखि यस कम्पनीको नाममा रहेको एन आई सी एशिया बैंक लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाण्डौको तल उल्लेखित बैंक खातामा वा e-Sewa/Khalti/Connect IPS/IME Pay लगायतका अनलाइन माध्यम प्रयोग गरी उक्त वार्षिक खाता संचालन शुल्क जम्मा गरि आफ्नो हितग्राही खाता सुचारु राख्नु हुन यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

**बैंक खाताको विवरण:**

| | |
|---|---|
| **खातावालाको नाम** | **NIC ASIA Capital Ltd. - DP Yearly Account Opening Fee** |
| **खाता रहेको शाखाको नाम** | **ट्रेड टावर, थापाथली, काठमाण्डौं** |
| **खाता नम्बर** | **५४४४५१०२५५२४००९ (5444451025524009)** |
| **जम्मा गर्नेको विवरण** | **सम्बन्धित हितग्राहीको पूरा नाम, हितग्राही नम्बर तथा आर्थिक वर्षहरु अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।** |

आर्थिक वर्ष २०७८/०७९ अन्त्य सम्ममा हितग्राही खाता खोली कारोवार गर्दै आइरहेका ग्राहक महानुभावहरुलाई आफ्नो नाममा रहेको हितग्राही खाता नविकरण शुल्क भुक्तानी गर्न बाँकी रहेको खण्डमा **यही मिति २०८०/०३/३१ गतेभित्र** बुझाई आफ्नो हितग्राही खाता सूचारु राख्नुहुन अनुरोध छ । अन्यथा उक्त मिति पश्चात् संचालन शुल्क नबुझाउनु हुने हितग्राहीहरुको खाता संचालन शुल्क नबुझाए सम्म हितग्राही खाता Freeze हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै हितग्राही खाता नविकरण भए नभएको तथा नविकरण शुल्क भुक्तानी गर्न बाँकी सम्बन्धी विवरण यस क्यापिटलको वेभसाईट www.nicasiacapital.com मा रहेको **https://www.nicasiacapital.com/demat-renewal-status** मार्फत हेर्न सकिने व्यहोरा समेत ग्राहक महानुभावहरुको जानकारीको लागि सादर अनुरोध छ ।

यस एन आई सी एशिया क्यापिटल लिमिटेड तथा एन आई सी एशिया बैंक लिमिटेडको शाखा कार्यालयहरु मार्फत मेरो शेयरको अनलाइन सेवा लिनुभएका हितग्राहीहरुले समेत वार्षिक रुपमा नविकरण शुल्क रु.५०/- बुझाउनु पर्ने र सो समयावधिभित्र नविकरण नभएमा उक्त सेवा स्वतः बन्द हुने भएकोले वार्षिक नविकरण शुल्क अग्रिम रुपमा बुझाउन सक्नु हुनेछ ।

**हरेक वर्ष डिम्याट खाता तथा मेरो शेयर खाता नविकरण गर्ने झनझटबाट मुक्त हुनको लागि मात्र रु.९९९/- मा Lifetime डिम्याट खाता नविकरण तथा मात्र रु.१,०००/- मा मेरो शेयर Lifetime नविकरण गरिदिने व्यवस्था मिलाइएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

***नोटः*** हितग्राही खातामा एन आई सी एशिया बैंक लि.को बैंक खाता उल्लेख/अध्यावधिक गर्नु भएका हितग्राही महानुभावहरुको हकमा सोही बैंक खातामा नै उक्त वार्षिक शुल्क बापतको रकम जम्मा गर्न सकिने र रकम जम्मा भएपछि उक्त नविकरण शुल्क सोही बैंक खाताबाट नै कट्टी गरिने व्यहोरा जानकारी गराईन्छ ।

साथै सरल, छिटो र छरितो तरिकाबाट डिम्याट खाता खोल्न चाहानुहुने महानुभावहरुले एन आई सी एशिया अनलाइन डिम्याट सेवा मार्फत डिम्याट खाता खोल्न सक्नुहुने छ । अनलाइन मार्फत डिम्याट खाता खोल्नको लागि एन आई सी एशिया क्यापिटलको वेभसाईट www.nicasiacapital.com वा सोझै https://onlinedemat.nicasiacapital.com/#/ मा क्लिक गरि रितपुर्वक विवरण भरी उक्त विवरण Successfully Submission भएको १ घण्टा भित्र डिम्याट खाता नम्बर उपलब्ध गराउँदै आइरहेको व्यहोरा अनुरोध छ ।

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com